# इलामको दानाबारीस्थित माओवादी नियन्त्रणमा रहेका रमेश खनालको हत्या सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन ०६३


मृतक रमेश खनाल

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

२०६३ पुस १०

# कार्यकारी सारांश

नेकपा माओवादीको चुलाचुली बेस क्याम्पको सहायक शिविर दानाबारीमा २०६३ मंसिर १० गते साँझ ७ बजेको समयमा  खाना  खाई माओवादी कार्यकर्ता नाचगान गरिरहेको अवस्थामा हतियार सम्बन्धी ज्ञान नभएका लक्ष्मी उपनाम भएका उमेश शंकरले थ्रि नट थ्रि राइफल चलाउँदा गोली लागेर सुभाङ गा.वि.स. -२ का  १९ वर्षका रमेश खनालको मृत्यु भयो । स्थलगत अध्ययनको क्रममा पाँचथर सुभाङ स्थित मृतकको घरमा पुगेर परिवारसँग घटनाको बारेमा बुझ्दा रमेश माओवादी कार्यकर्ता नभएको र माओवादीले पैसाको प्रलोभनमा पारेर लगेको पाइयो । रमेशको दानाबारी १ स्थित राम कुमार लिम्बुको घरमा रहेको ३ नम्बर सेक्सनका सेक्सन कमाण्डर इतिहास उपनामका जिगेश राईको बि. एस. फोर्टि थ्रि नट थ्रि राइफल माओवादी  सैनिकमा भर्ना हुन गएका उमेश शंकरले चलाउँदा माओवादी नियन्त्रणमा रमेश खनालको मृत्यू भएको पाइयो । मानिस मर्ने संभावना देख्दादेख्दै लापरवाहीपूर्ण तरिकाले हतियारको प्रयोग गरेको कारण रमेश खनालको मृत्यु भएको घटनाको निष्पक्ष छानविन गरी दोषी माथि कारवाही गरिनु पर्दछ ।

**पृष्ठभुमी**
पाँचथर जिल्ला सुभाङ गा.वि.स.-२ का १९ वर्षीय रमेश खनाललाइ नेकपा माओवादीले २०६३ मंसिर १ गते दिउँसो १.०० बजे आफनो घरमा परिवारसँग बसिराखेको अवस्थामा जनसेनामा भर्ना गर्नका लागि अपहरण गरेको र निजलाई इलामको दानाबारीमा रहेको माओवादी जनसेनाको प्रस्तावित सहायक शिविरको आसपासमा रहेको गैर सैनिक इलाका (गाँउवस्ती)मा मृत्यु भएको समाचार इन्सेकका इलाम जिल्ला प्रतिनिधि मार्फत प्राप्त भएपछि त्यसको छानविन गरी सत्य तथ्य पत्ता लगाउन मानव अधिकार सन्धि अनुगमन समन्वय समितिले २०६३ मंसिर १४ गते स्थलगत अध्ययनका घटनस्थलमा एउटा टोली त्यसतर्फ पठायो ।

**अध्ययन टोली**
१. भुवन अधिकारी, इन्सेक, बिराटनगर
२. बद्रीप्रसाद शिवाकोटी, हिमराईट्स लाइफलाइन, काठमाण्डौ
३. लोकराज अवस्थी, रिलेक नेपाल, काठमाण्डौ
४. प्रकाश अधिकारी, इन्सेक जिल्ला प्रतिनिधी, इलाम
५. कृष्ण ओझा, इन्सेक जिल्ला प्रतिनिधि, पाँचथर
६. अर्जुन बस्नेत, इन्सेक जिल्ला प्रतिनिधि, झापा

**घटना भएको स्थान :** दानाबारी-३, इलामा माओवादी सहायक शिविर

**घटना भएको अवधि :** ०६३ मंसिर १० गते

**अध्ययन गरिएको अवधि :** २०६३ मंसिर १४ गते देखि २०६३ मंसिर १९ गते

**अध्ययन गरिएको स्थान :** इलाम, पाँचथर र झापा

**घटना विवरण**
२०६३ मंसिर १० गते इलामको दानाबारी-१ माओवादी सहायक शिविर नजिक रहेको स्थानीय बासिन्दा राम कुमार सुब्बाकोमा घरमा जबरजस्ती बसेका माओवादीले खानाखाई साँझ ७ बजे नाचगान गर्नका लागि सात आठजना माओवादी घरको भुइ तल्लाको पश्चिम तिरको खुला कोठामा अन्य साथीसँगै मृतक रमेश खनाल पनि रहेका थिए । सेक्सन कमाण्डर इतिहासले बोक्ने गरेको थ्रि नट थ्रि राइफल भर्ना हुन आएका लक्ष्मी उपनाम गरेका उमेश शंकर माओवादी कार्यकर्तालाई गैर जिम्मेवारीपूर्ण ढंगले बोक्न दिए । लक्ष्मी हतियारसँग राम्ररी परिचित नभएकाले उसले सिक्ने क्रममा हतियार चलाउदा कक गरेको पाइयो । कक गरेका हतियारलाई लक्ष्मीको औलाले टिंगर दाबिदा २ मिटर पर रहेका रमेशको टाउकोमा गोली लागि मृत्यु भयो । माओवादी सेनाले तत्काल एम्बुलेन्स उपलब्ध गराएर रमेशलाई बिर्तामोड स्थित कन्चनजंघा अस्पताल पुऱ्याए । त्यहाँ रमेशको इ.सि.जि. गरे पछि मृत घोषित गरियो । रमेश मृत भए पछि रमेशको शव फेरी दानाबारी लगियो र निजको शव परिवारलाई जिम्मा लगाउन गृह जिल्ला पठाउने भन्दै माओवादीले शवलाई काठको बाकसमा हालेर झण्डा ओढाई फिदिम पठाइयो । परिवारले शव २०६३ मंसिर ११ गते रातको ७.३० बजे फिदिम बजार पुगे पछि देख्न पाए । शवलाई परिवारले बुझ्न नमान्दा नमान्दै जवरजस्ती बुझाएको पाइयो । फिदिमबाट एम्बुलेन्समा रमेशको शवलाई हेवा खोलामा लगि दाहसंस्कार गरियो । दाह संस्कार गर्ने बेलामा माओवादीले रमेश खनाललाई अन्तिम शहीद भन्दै श्रद्धाञ्जली सभा आयोजना गरेको पाइयो । शहिद दाहसंस्कारको समयमा माओवादीका २० जना कार्यकर्ता र गाउँले बीच भनाभन भई तनाबको स्थिति पनि आएको पाइयो । माओवादीले लासको पोष्टमार्टम नगरी परिवारलाइ जवरजस्ती बुझाएको पाइयो ।

**अध्ययनको विधि र प्रकृया**
- स्थलगत अध्ययन
- प्रत्यक्षदर्शी, मृतक परिवार, सरोकारवालासँग सोधपुछ
- स्थानीय मानवअधिकारकर्मीसँग अन्तरक्रिया

- ❖ वस्तु स्थितिको अध्ययन
- ❖ घटनासँग सम्बन्धित स्थान र व्यक्तिहरूको फोटोग्राफ

**स्थलगत अध्ययनको उद्देश्य**

१. घटनाको सत्य तथ्य पत्ता लगाउने र सार्वजनिक गर्ने ।
२. घटनामा संलग्न व्यक्तिलाई प्रचलित कानुन अनुसार दण्ड सजायको लागि दबाब दिने ।
३. पीडित परिवारलाई क्षतिपुर्ति दिलाउनका सम्बन्धी दवाब र वातावरण सृजना गर्ने ।
४. मानवअधिकार संरक्षणका लागि सम्बन्धित सरोकारवाला पक्षलाई सचेत खबरदारी गर्ने

## रमेश खनालको हत्या सम्बन्धमा परिवारको भनाई

**१) यशोदा खनाल / लोकनाथ खनाल ( मृतकका आमाबुबा )**

रमेश हाम्रो छोरा हो उसको जन्म २०४४ साल बैशाख २२ गते भएको हो । उसले २०६२ सालमा श्री सिद्धेश्वरी मा.वि. भारपाबाट एस.एल.सी. पास गरेको थियो । आर्थिक कमजोरीको कारण क्याम्पस भर्ना गर्न सकिएको थिएन । विदेश जान मन गरेको थियो तर आर्थिक अभावका कारण हामीले उसलाई विदेश पठाउन सकेका थिएनौ । माओवादीमा अहिलेसम्म लागेको थिएन । उसलाई माओवादीले नोकरी पाइन्छ भनेर जागीरको प्रलोभन देखाएर लगेको हो । माओवादीले केही दिन अघि देखि नै रमेशलाई हामीसँग हिंड् भनेका थिए । जानेबेला नजा भन्दा फिदिम पुग्छु भनेर हिडेको हो । जाने बेला साथमा रेडियो समेत बोकेको थियो । पछि त एकै चोटी मरेको खबर सुन्न पऱ्यो । खै ! लेख्दा लेख्दै गोली लागेर मरेको भन्छन् ? हामीलाई त विश्वास लाग्दैन । हाम्रो त संसारै डुब्यो ।

**२) खिल कुमारी खनाल /खिला देवी खनाल** (मृतकका दिदिहरू)

म २०६३ मंसीर १ गते क्याम्पसबाट घर फर्कदा विरोध भनिने टेकबहादुर राई र ममता भनिने सुशिला लगायतका तीन जना माओवादी रमेशसँगै घरमा थिए । भाई लाने जानकारी पाए पछि मैले मेरो भाइलाई नलैजाउ भन्दा उनीहरूले तपाईको भाइलाई केही हुँदैन । हामी ७ गते भित्र फर्काइ दिन्छौ आत्तिनु पर्दैन भने । परिवारसँग सल्लाह गरेर मात्र लानु पर्थ्यो । जसरी रमेशले हामीलाई पालन पोषण गर्थ्यो अब त्यसैगरी माओवादीले हाम्रो परिवारलाइ पाल्नु पऱ्यो । माओवादीले क्षतिपुर्ति दिनु पर्छ । भाइलाई नजा भन्दा माओवादीको डरले उ बोल्न सकेन । पछि उनीहरूसँग जाने इच्छा नहुँदा नहुँदै गयो । उ गए पछि कुनै फोन सम्पर्क गरेन । एकै चोटी उ मरेको खबर पाइयो । मेरो विचारमा भाई कुनै घटनामा परेर नभएर मारिएको नै हो । हाम्रो परिवारको आर्थिक स्थिति कमजोर भएकोले क्षतिपुर्ति दिनु पर्ने र घटनाको सत्यतथ्य कुरा बाहिर ल्याउनु पर्दछ । सरकारले दोषीलाई कारवाही गर्नु पर्दछ ।

**३) विष्णु खनाल (मृतकका काका)**

घटनाको खबर २०६३ मंसिर ११ गते बिहान १०.३० बजे स्थानीय तुलसी मिश्रबाट थाहा पाएको हुँ । रमेशलाई लग्ने बेला र दाहसंस्कर गर्ने बेला म घरमा थिएन । उनीहरूले रमेशलाई माओवादी भने पनि उ माओवादी होइन । हामीले थाहा पाए अनुसार अहिलेसम्म माओवादीका कुनै पनि कार्यक्रममा सहभागी भएको छैन । मेरो छोरा र रमेशसमेतलाई फर्काउन भारपा कुपिलेसम्म गएको थिए तर फर्काउन सकिएन ।

**४) तेज प्रसाद खनाल (मृतकको भाई वर्ष १०)**

मलाई केही पनि थाहा छैन । दाजुको मृत्यु कसरी भयो भन्ने कुरा मलाई घरमा पनि कसैले भनेका छैनन । कान्छा हजुरबुबा घरमा दाजुको किरिया गरिरहेको देखेको छु । कसैले मलाई नभने पनि म ठुलो भएर दाजुको हत्या बारेमा खोजी गर्नेछु ।

**५) योगेन्द्र खनाल (मृतकको काकाको छोरा)**

हामीलाई माओवादीका गा.ज.स. प्रमुख विरोध भनिने टेक बहादुर राई सहितका कार्यकर्ताहरूले माओवादी सेनामा जागीर खानुपर्छ । महिनाको २०० डलर पाइन्छ । ब्यारेकमा लड्नु भिड्नु पर्दैन भन्दै फकाएर ०६३ मंसिर १ गते लगेका थिए । भोलिपल्ट भारपाको कुपिले, तेस्रो दिन राई गाँउमा राखेर ३ गते फिदिम पुऱ्याएका हुन । मलाई इलाम दानाबारी लैजाँदा फिदिमबाट भागेर घर फर्के । अरूलाई चाँही

लगे । अन्तिम दिन छुट्नु अगाडी रमेशले म मामा घर झापा जान्छु भन्थ्यो । म र रमेश कहिले पनि माओवादीको कुनै पनि कमिटीमा थिएनौ ।

**६) तुलसी मिश्र, मलामी**

खबर मैले फिदिम बजारमा पाएँ । म छिमेकी पनि हुँ । निधारको दायाँतिरबाट गोली लागेको थियो । टाउकोको पछाडी तिर क्षतविक्षत थियो । माओवादीले अन्तिम शहिद भन्दै दाह संस्कार गर्दा गर्दै श्रद्धान्जली सभा गर्न थालेपछि केटाहरूले हुटिङ गरे चर्काचर्की पनि पऱ्यो । धन्न ढुंगा हानाहान भएको थियो । शव परिवारले बुझ्न नमान्दा नमान्दै माअेवादीले जवरजस्ती बुझाएका हुन ।

**राम कुमार लिम्बु (घटना भएको घर धनी)**

२०६३ मंसिर १० गते बेलुका ७ बजेको थियो । श्रीमती माइत गएकोले म नानीहरूलाई भित्र खाना खुवाइ रहेको थिएँ । बाहिर माओवादीका सेनाहरू खाटमा बसेर गीत गाइरहेका थिए । अचानक बन्दुक पड्केको आवाज आयो । कोठा भित्र बसेका केटीहरू चिच्याउदै बाहिर आए । म पनि के भयो भनेर बुझ्न आउँदा त्यहाँ एकजना मान्छे गोली लागेर ढलेको थियो । कसैले पनि उसलाई छोएको थिएन । सबै जना आत्तिएका थिए । घाइते रमेश खनाल अचेत अवस्थामा थियो । मेरो घरमा घटना भएकोले म पनि आत्तिए । केही समय पछि गाँउले र माओवादी भएर उपचार गर्न भन्दै लिएर गए ।

**रेणुका चौलागाई, स्थानीय बासिन्दा**

गोलीको आवाज सुने पछि म घटना स्थलमा आएँ । रमेशको टाउकोको गिद्धी र रगत आँगनभरी छरपस्ट थियो । घाइते बेहोस अवस्थामा थियो । घटना राती खाना खाएर नाचगान गरी राखेको अवस्थामा अचानक बन्दुक पडकेर लागेको भन्थे । गोली निधारमा लागेको थियो । घटना घटेको अघिल्लो मंसीर ९ गते दिउँसो ४.०० बजे रमेशले मेरो घरमा बसेर दाह्री काटेको थियो ।

**चन्द्र बहादुर शेरमा**

पल्लो घरमा गोली पड्कीएको आवाज आए पछी म त्यहाँ गएर हेर्दा एक जना भाई गोली लागेर मरेको जस्तो देखे । माओवादीले बाँस काटेर मेरो घरबाट एउटा तन्ना मागेर स्टेचर बनाए । २० मीनेट पछि बोकेर अस्पताल लैजाने भन्दै लगे । भुँईमा रहेको रगत र छरिएको गिद्धी भेला गरेर माओवादीले आँगनमा लिपपोत गरे ।

**गजेन्द्र पाण्डे, उद्धारकर्ता**

म घटना स्थलमा आईपुग्दा उसलाई कसैले छोएका थिएनन् । बसेको कुर्सीमा नै उनी ढलेका थिए । मैले आएर उसको टाउकोमा ब्यान्डेज गरेर उठाए पछि माओवादी आएर उपचार गर्न लागे । त्यसको १५ मिनेट पछि माओवादीको डाक्टर आएर सामान्य उपचार गरे । पछि मैले स्ट्रेचर बनाई दिए । घटना चाँहि नजान्ने मान्छेले सिक्न लाग्दा भरेको बन्दुक कक भएर पडकेको भन्ने कुरा भन्थे । एम्बुलेन्समा रमेशलाई बिर्तामोड लगेर फेरि राती १ बजेतिर ल्याएका थिए ।

**डा. सी. पि. यादव, कञ्चनजंघा अस्पताल बिर्तामोड**

२०६३ मंसीर १० गते राती करिब ९:३० बजे एउटा एम्बुलेन्स अस्पतालको कम्पाउण्डमा आयो । तीनजना व्यक्तिहरू इमर्जेन्सी कक्षमा आएर हामी माओवादी कार्यकर्ता हौं । हाम्रो एकजना बिरामी एम्बुलेन्समा छ । जीवीत छ या मरेको छ हेरिदिनु पऱ्यो भने । मैले बाहिरै गएर ECG चेक गरेपश्चात मरेको जानकारी दिएँ । उनीहरू त्यही गाडीमा फर्किए घटनाको बारेमा केही बताएनन् । बिरामीको नाम समेत अस्पतालमा दर्ता गराएनन् । मैले बिरामीको चोट हेर्न खोज्दा हेर्न दिएनन् ।

## सुरक्षा निकाय तथा प्रशासनको भनाई

**हरिकृष्ण उपाध्याय**
**प्रमुख जिल्ला अधिकारी पाँचथर**

पाँचथर घटनाको बारेमा २०६३ मंसिर १२ गते मात्र थाहा पाएको हुँ । घटनाको बारेमा प्रहरी नायव उपरिक्षकबाट सामान्य जानकारी पाइएको हुँ । घटनाको सम्बन्धमा जानकारी लिने र अनुसन्धान

गर्ने जिम्मेवारी प्रहरीको हो । यसको बारेमा इलाम प्रशासनले हेर्नु पर्ने हो । इलाम प्रशासनको कमजोरी हो ।

**डम्मरू प्रसाद निरौला**
**सहायक प्र.जि.अ, इलाम**

इलाममा म नयाँ भएको कारणले घटनाको बारेमा थाहा भएन । सिडियो सरलाई थाहा होला । सिडियो सर आएपछि यसको बारेमा कुरा गर्ने छु ।

**गोविन्द बहादुर बस्नेत**
**प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय, इलाम**

पाँचथर प्रहरीले जानकारी दिएपछि मात्र घटनाको बारेमा थाहा भएको हो । सबुत प्रमाण नष्ट भएकोले छानविन अगाडी बढाउन अब सम्भव छैन । देशको परिस्थिति अनुसार प्रहरी राजमार्गमा गाडीको नम्बर मात्र टिप्ने तर खानतलासी नगर्ने भएकोले पनि माओवादीले लाश लगेका होलान । यो माथीको नीति अनुसार गरिएको हो ।

## घटनाको बारेमा माओवादीको भनाई

**छविलाल खनाल *"आकाश"* (मृतकका काका)**
**सदस्य जिल्ला कमिटी, नेकपा माओवादी पाँचथर**

हामीले रमेशसमेतलाई जबरजस्ती ल्याएका होईनौं स्वेच्छाले आएका हुन् । उनीहरूलाई कुनैपनि प्रलोभन दिइएको थिएन । रमेशको काकाको छोरा योगेन्द्र खनाल भागेर होइन कि गाडि नपाएर घर फर्किएको हो । रमेशको हत्या भएको विषयमा म दुःखी छु । यसकारण जस्तोसुकै संघर्ष गर्नुपरे पनि शहीद परिवारको नाताले र पार्टीको जिम्मेवार सदस्यको हैसियतले सत्यकुरा के हो पत्ता लगाएर बाहिर ल्याउँछु ।

**आइन्द्र केरूङ**
**जिल्ला सेक्रेटरी, नेकपा माओवादी, पाँचथर**

यो घटना प्राविधिक गल्तीले भएको हो । यसमा कुनै पनि षड्यन्त्र नभएर हतियार चलाउन नजान्ने मान्छेले हतियार खेलाउँदा पड्केर रमेशको मृत्यु भएको हो । लाश कसैको दवावमा होइन पार्टीको निर्णय अनुसार सम्बन्धित परिवारलाई बुझाइएको हो । रमेश ०५७ साल देखिको पार्टी कार्यकर्ता भएकोले झण्डा ओडाएर अन्तिम सहिद घोषणा गरेका हौं । पोष्टमार्टम गर्न आवश्यक नठानेको र परम्परागत संरचना आफूहरूलाई मान्य नभएका कारण सिधै परिवारलाई लाश बुझाइएको हो । घटना प्रति दुःखी छौं । परिवारलाई अहिले किरिया खर्च दिने र अन्य क्षतिपूर्ति सम्बन्धमा अन्य सहिद परिवार सरह पार्टीले पहल गर्ने छ । घटनाको तथ्य विवरण मृतकका परिवारलाई दिइने छ ।

**ज्योति राई, माओवादी सेना**

हामी यो घरमा ११ जनाको सेक्सन बस्छौं । म घटना भएको समयमा भान्सामा थिए । गोली पड्किए पछि बाहिर आउदा रमेश गोली लागेर काठको बारमा ढलेको देखेर आत्तिई घरको माथिल्लो कोठामा लुकेर बसे । केही छिन अगाडी भुँईमा राखेको राईफल नचला भन्दा भन्दै म सिक्छु भनेर लक्ष्मी भन्ने उमेश शंकरले खेलाइरहेको थियो । सेक्सन कमाण्डर इतिहास उपनामका जिगेश राईले गीत गाइरहनु भएको थियो ।

**पार्वता भनिने दुर्गा तामाङ, रमेशसँग घरबाट सेनामा भर्ना हुन आएकी**

म रमेशको साथी हुँ । हामी दुबैजना मंसिर १ गते सुभाङ्गबाट संगै आएका हौं । रमेश र म नयाँ भएकाले हामीलाई हतियार चलाउन दिएका थिएनन् । हामीसँग अरू कसैसित परिचय पनि थिएन । हामी सँगै हुँदा अब कसरी र कहिले घर जाने भनेर सल्लाह समेत गर्दथ्यौं । रमेशको रूमाल मसँग अहिले पनि छ । पड्किएको आवाज सुनेर म त्यहाँ जाँदा रमेश गोली लागेर लडेको रहेछ । मैले हेर्न सकिन । रूदै म कोठा तिर गए । यस्तो मैले कहिले पनि देखेको थिएन । घर जान मन भए पनि घरमा सम्पर्क गर्न दिँदैनन् ।

**इतिहास भनिने जिगेश राई ,**
**३ नं सेक्सन कमाण्डर, बिप्लब श्रृजन स्मृति ब्रिगेड १ नं बटालियन ए कम्पनी**

०६३ साल मंसिर १० गते बेलुका सात बजेको थियो । म गीत गाएर खाटमा बसिरहेको थिए । केही साथीहरू खाना खाएर धन्दामा लागिरहनु भएको थियो । रमेश टेबुलको छेउमा रहेको कुर्सीमा बसेर सेन्ट्रि बस्नेको लिष्ट बनाइरहेको थियो । मसंग रहेको राइफल खाटमा थियो । लक्ष्मी भन्ने उमेश शंकरले त्यसलाई चलाइरहेको थियो । लोड भएको त्यो राईफल उसले कक गर्दैन होला जस्तो लाग्यो । मैले राम्रो ख्याल समेत गरेन । एक्कासी राईफल पड्किियो । गोलीले रमेशको दाहिने कञ्चटबाट पार भएछ । उ बोल्न सकेन म पनि आत्तिए । लक्ष्मी भन्ने उमेश शंकरको हातमा राईफल थियो । उ डरले रूँदै थियो । हामीले रमेशलाई बचाउन खोज्यौ तर सकेनौ । हतियार अरूलाई छुन नदिनु पर्ने थियो । त्यसमा मेरो समेत गल्ती भयो । घटनाको तीन दिन सम्म उमेश हामी सँगै थियो । त्यस पछि सेक्सनबाट भागेको छ । कहाँ गयो थाहा छैन । घटनाको बारेमा के भएको हो भनेर मलाई पार्टीको नेतृत्वले घटनाबारेमा सामान्य सोधेको थियो ।

**दिनेश भनिने होम बहादुर आङबो**
**राजनीति कमिसार, ए कम्पनी**

उपचारको लागी बिर्तामोडतर्फ लाँदै गर्दा करिब साँझ ८:०० बजे उसको मृत्यू भएको हो । नियतबस गोली हानेर मारेको होइन भन्ने कुरा गोली लागेको ठाँउबाट पुष्टि हुन्छ । हामीले घटनाको बारेमा मुचुल्का बनाएर पार्टीमा बुझाएका छौं । घटना पश्चात पाँचथरको पार्टीमा सम्पर्क गर्‍यौ । त्यहाँबाट मृतकको आफन्तकहाँ खबर भयो । लाश परिवारलाई नै लगेर बुझाउनु पर्ने भन्ने खबर आयो । काठको बाकसमा राखेर दानाबारी-१ स्थित बटालीयनको कार्यालयमा श्रद्धान्जली सभा गरेर ०६३ मंसिर ११ गते दिउँसो १२ बजे हाम्रा साथीहरू हेमु, पृथ्वी लगायत चारजनाले लाश लिएर पाँचथर जानुभयो ।

**सबिन**
**कमाण्डर, १ नं बटालियन**

घटनाको बारेमा छानविन गरी पार्टीको माथिल्लो तहमा पठाएका छौं । अन्य प्रक्रियाहरू पार्टीको निर्णय अनुसार अघि बढाइने छ । सिक्नको लागी अरूले हतियार प्रयोग गर्न पनि सक्दछन् । त्यस बेला हतियार चलाउने उचित समय भने थिएन । कमाण्डरले हतियार सुरक्षित गर्न सक्नु पर्ने थियो । यो नितान्त दुर्घटना हो । मृतकका परिवारलाई हामी त्यही रूपमा बिश्वास दिलाउन चाहन्छौ । घटनाबारे कुनै शंका भएमा घटना स्थलमा आएर छानविन तथा गाउँलेहरूलाई सोध्न सकिन्छ । मृतकको क्षतिपुर्ति बारेमा पार्टीको माथिल्लो नीतिका आधारमा हुनेछ । मृतकको लाश हामीले पाँचथरको पार्टी कार्यालयमा बुझाएका हौं । घटना बारेमा अन्य माध्यमबाट सार्वजनीक नगरे पनि गणतन्त्र रेडियोबाट सूचना प्रवाह गरेका हौं । मृतकलाई जबरजस्ती ल्याईएको होईन भन्ने प्रमाण माओवादी पार्टीमै रहेका उनका काकाहरू पृथ्वी र आकाश छन् उनीहरूसँग बुझे हुन्छ ।

**निष्कर्ष**

नेकपा माओवादीको चुलाचुली बेस क्याम्पको सहायक शिविर दानाबारीमा २०६३ मंसिर १० गते साँझ ७ बजेको समयमा खाना खाई माओवादी कार्यकर्ता नाचगान गरिरहेको अवस्थामा हतियार सम्बन्धी ज्ञान नभएका लक्ष्मी उपनाम भएका उमेश शंकरले थ्रि नट थ्रि राइफल चलाउँदा गोली लागेर सुभाङ गा.वि.स.-२ का १९ वर्षीय रमेश खनालको मृत्यु भएको पाइयो । स्थलगत अध्ययनको क्रममा पाँचथर सुभाङ स्थित मृतकको घरमा पुगेर परिवारसँग घटनाको बारेमा बुझ्दा रमेश माओवादी कार्यकर्ता नभएको र माओवादीले पैसाको प्रलोभनमा पारेर लगेको पाइयो । दानाबारी १ स्थित राम कुमार लिम्बुको घरमा रहेको ३ नम्बर सेक्सनका सेक्सन कमाण्डर इतिहास उपनामका जिगेश राईको बि. एस. फोर्टि थ्रि नट थ्रि राइफल माओवादी सैनिकमा भर्ना हुन गएका उमेश शंकरले चलाउँदा माओवादी नियन्त्रणमा रहेका रमेश खनालको मृत्यू भएको पाईयो ।

**सुझाव**

१. माओवादी जन सेनाले जबरजस्ती गैरसैनिक इलाकामा असुरक्षित तवरले हतियारबन्द सैनिक परिचालन गरी हतियारको गैर जिम्मेवारीपूर्ण धारण र प्रयोग तथा लापरवाहीको कारण रमेश खनालको मृत्यु भएकाले अब यस्ता घटना हुन नदिन माओवादीले सुरक्षित सैनिक संयन्त्र विकास गरी गैरसैनिक इलाकामा हतियारबन्द सैनिक राख्न बन्द गर्नु पर्दछ । साथै जवरजस्ती सैन्य भर्नाको कार्य तत्काल बन्द गरिनु पर्दछ ।

२. घटनामा राज्यको उपस्थिति र अनुगमन नरहेको देखिएकोले राज्यले नागरिकको सुरक्षाका लागी चुस्त र प्रभावकारी नीति र कार्य तुरून्त अवलम्बन गर्नु पर्दछ ।

३. मानिस मर्ने संभावना देख्दा देख्दै लापरवाहीपूर्ण तरिकाले हतियार चलाउँदा रमेश खनालको मृत्यु भएकोले घटनाको निष्पक्ष छानविन गरी दोषी माथि कारवाही गरिनु पर्दछ ।

४. पीडित परिवारलाई उचित क्षतिपुर्तिको व्यवस्था गरिनु पर्दछ ।